जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ८८ २०८१ साल कार्तिक १३ गते मंगलबार (29 Oct. 2024 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




यस अंक भित्र : २ पृष्ठमा : नेपाल र भारतबीच फुटवल,... ३ पृष्ठमा : प्रजातन्त्रका लागि बन्दुक... ३ पृष्ठमा : फिलिपिन्समा आँधीका कारण ...

## भन्सार छली ल्याइएको २५ लाख मुल्य बराबरको कपडासहित तीन पक्राउ, बरामद कार र मोटरसाइकल भन्सार चलान





**दैनिक समाचारदाता राजविराज, १२ कात्तिक ।**
सप्तरीको तीन छुट्टाछुट्टै स्थानबाट भन्सार छली ल्याइएको करिब २५ लाख मुल्य बराबरको कपडासहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

अबैधरुपमा कपडा ल्याउन प्रयोग गरिएको कार र मोटरसाईकल समेत प्रहरीले नियन्त्रणमा लिएको छ । ती सवारीलाई प्रहरीले राजविराज भन्सार कार्यालयमा बुझाएको छ ।

प्रहरीले जिल्लाको बोदेबरसाईन नगरपालिका ५ शत्रुघन चौकबाट २१ लाख १३ हजार १ सय मुल्य बराबरको भन्सार छली भारतबाट ल्याइएको रेडिमेड कपडा र साडी बरामद गरेको छ ।

उक्त अबैध कपडा लोड गरेको प्र.०३-०१-०२३ च. ८०२५ नम्बरको कार र सप्तरीको खडक नगरपालिका ८ बस्ने २५ चालक सनाबुल मियाँलाई समेत नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

यस्तै प्रहरीले राजविराज नगरपालिका ६ स्थित सखडा रोड मोडबाट भारतबाट अबैधरुपमा स.८प.५२५३ नम्बरको मोटरसाइकलमा तीन वटा बोरामा लोड गरी ल्याउदै गरेको रेडिमेड कपडा र साडी बरामद गरेको छ ।

मोटरसाइकलमा उक्त समान ल्याउने सप्तरीको रुपनी गाउपालिका ५ का २६ वर्षिय चुनचुन यादव र राजगढ गाउँपालिका २ का २८ वर्षिय संजय साहलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ । बरामद कपडाको ३ लाख ९ हजार ६ सय रुपैया मुल्याँकन गरिएको छ ।

यस्तै सोमबारै सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका क्षेत्रबाट प्रहरीले भारतबाट अवैध रुपमा ल्याउँदै गरेको २७ हजार मुल्य बराबरको कपडा बरामद गरेको छ ।

बरामद समान र अबैध ओसारपोसारमा प्रयोग गरिएका गाडीहरुसहित तीनै जनालाई आवश्यक कारवाहीका लागी राजविराज भन्सार कार्यालय चलान गरिएको प्रहरीले जनाएको छ ।

तिहार र छठ पर्व नजिकिएसँगै भारतीय सीमा क्षेत्रसँग जोडिएको पालिकामा तस्करको चलखेल बढेपछी प्रहरीले सुराकी परिचालन गरी निगरानी बढाएको हो ।

## बृद्धामाथी बोक्सीको आरोप लगाउने महिला पक्राउ



**दैनिक समाचारदाता राजविराज, १२ कात्तिक ।**
एक वर्षअघि छिमेकी बृद्धालाई बोक्सीको आरोप लगाई दुर्व्यवहार गरेको मुद्दामा फरार रहेकी एक महिला आइतबार पक्राउ परेकी छिन् ।

पक्राउ पर्नेमा सप्तरीको छिन्नमस्ता गाउँपालिका ४ निवासी ४३ वर्षिया रसिदनी खातुन छिन् ।

बि.स. २०८० साल कार्तिक २१ गते सोही वडा निवासी ७४ वर्षिया जहरा खातुनमाथी बोक्सीको आरोप लगाई रसिदनी खातुनले दुर्व्यवहार गरेको पीडितको उजुरीको आधारमा प्रहरीले मुद्दा चलाएको थियो ।

वादी नेपाल सरकारभई सप्तरी जिल्ला अदालतमा बोक्सी आरोप मुद्दा चलाईएपछी खातुन फरार भएकी थिइन ।

## घरबाट रकम चोरी गरी फरार भएका चोर रकमसहित पक्राउ

**दैनिक समाचारदाता राजविराज, १२ कात्तिक ।**
छिमेकीको घरमा रकम चोरी गरेर फरार रहेका एक चोरलाई सोमवार प्रहरीले रकमसहित पक्राउ गर्न सफल भएको छ ।

पक्राउ पर्नेमा सप्तरीको छिन्नमस्ता गाउपालिका ४ का २३ वर्षिय देवेन्द्र मुखिया छन । दुई दिन अघि छिमेकी भोगेन्द्र साफीको घरमा दिउसो १२ वजेतीर बाकस फुटाएर १ लाख ३० हजार नगद चोरेर मुखिया फरार भएका थिए ।

गाउँ मै लुकि बसेको अवस्थामा उनलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।



घरधनी जोगेन्द्र काम विषेशले बाहिर गएको तथा उनका श्रीमती सुनिता घर आँगनमा काम गरिरहेको बेला पछिल्लो ढोकाबाट घर भित्र प्रवेश गरेका मुखियाले बाकस फोडेर उक्त रकम चोरेर लगेको प्रहरीको भनाई छ ।

उनको साथबाट चोरी गरिएका रकम मध्ये ९९ हजार ८ सय ५५ रुपैया बरामद गरिएको तथा चोरी मुदामा सप्तरी जिल्ला अदालतबाट ६ दिनको म्याद लिइ थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## २४ जना फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता राजविराज, १२ कात्तिक ।**
अदालतबाट बिभिन्न मुद्दामा जरिवाना तथा कैद सजाय तोकी फरार रहेका २४ जना प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

दुई दिनको अवधीमा पक्राउ पर्नेमा ५ रुपैयादेखी तीन हजारसम्म जरिवाना र ७ तीनसम्म कैद सजाय तोकिएका चोरी, लेनदेन, कुटपिट, जालसाजी र लागुऔषध कसुरका प्रतिवादी छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी जितेन्द्र प्रसाद बस्नेतका अनुसार उनीहरुको खोजतलासका क्रममा घर छिमेकमै लुकिबसी रहेको अवस्थामा पक्राउ गरिएको हो ।

पक्राउ परेका सबैलाई कैद र जरिवाना भुक्तानका लागी सोमवार सप्तरी जिल्ला अदालतमा उपस्थित गराईएको छ ।

## सीसीटिभी फुटेजमा देखिएका चोर खोज्दै प्रहरी

**दैनिक समाचारदाता राजविराज, १२ कात्तिक ।**
सप्तरीको अग्नीसाईर कृष्णसवरण गाउपालिका ६ महुली बजारस्थित एक ज्वेलरी पसलमा चोरीका क्रममा सिसीटिभी फुटेजमा देखिएका चोरको खोजतलासमा प्रहरी जुटेको छ ।

आईतवार राती आरोही ज्वेलर्समा भएको चोरी घटनामा संलग्न चोरको खोजीमा प्रहरी जुटेका हो ।

प्रहरीका अनुसार उक्त ज्वेलरी पसलमा भएको चोरी घटना पसलको सिसि क्यामरामा कैद भएको छ ।

बाँकी अन्तिम पृष्ठमा

बचत गरौं, उद्यमशील बनौं

बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं

- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
- व्यापार व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हटिया व्यवस्थित कहिले

विगत चार वर्षदेखी राजविराज हटिया निर्माणाधीन अवस्थामा छ । नेपालकै उत्कृष्ट एवं व्यवस्थित हटियाको रुपमा परिचित थियो । एक समयमा नुनदेखी सुनसम्म पाउने हटियामा दैनिक उपभोग्य बस्तुदेखी लिएर बालबच्चा, बृद्धबृद्धाको कपडा, पूजा सामाग्रि, जन्मदेखी मरनसम्ममा प्रयोग हुने सामाग्रिहरु लगायत पाइन्थ्यो । तर, अहिले भौतिक संरचना निर्माणको क्रममा रहँदा ती सबै छिटफुट भइसकेको छ । हाल हटिया तितरबितर अवस्था रहेको छ ।

भौतिक संरचना निर्माण गरि हाट बजार व्यवस्थित गर्ने उद्देश्यले सो कार्यको थालनी गरिएको हो । तर भौतिक संरचना जसरी निर्माण भइरहेको छ त्यहा हाट बजार भन्दा बढी किराना पसलहरु संचालनमा उपयुक्त हुन्छ । हाट बजारको अस्तित्व नै समाप्त पार्ने गरि निर्माण गरिएको भौतिक संरचना निर्माण कार्य सम्पन्न गर्ने समय भन्दा बढी भइसकेको छ । यद्पी भौतिक संरचना निर्माण कार्यलाई सम्पन्न गराउनेदेखी लिएर तरकारी बजारलाई व्यवस्थित गर्नेतर्फ ध्यान पुग्न सकेको छैन् ।

हटियाको अवस्था कहाली लाग्दो रहेपनि स्थानिय सरकार मुकदर्शक बनेको छ । तसर्थ ती निर्माणका कार्यहरु पुरा गराई हाटबजार समेतलाई व्यवस्थित गराउनेतर्फ ध्यान पुऱ्याउनु उपयुक्त हुन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाल र भारतबीच फुटबल, चलचित्र जस्तै

**राजु सिलवाल**
काठमाडौं, १२ कात्तिक (रासस) ।

विश्व कीर्तिमानी आरोही फुर्वा तेन्जिङ शेर्पाले गत बसन्त ऋतुमा सगरमाथाको चुचुरोमा नेपाली राष्ट्रिय फुटबल टिमकी गोलकिपर एन्जिला तुम्बापो सुब्बाको तस्बिर अङ्कित टिसर्ट प्रदर्शन गरेका थिए । गोलकिपर सुब्बाको जीवनीमा आधारित 'एन्जिला' नामक चलचित्रको प्रवर्द्धनका सिलसिलामा उक्त टिसर्ट सगरमाथा लगिएको थियो । आगामी माघ ११ गतेदेखि सार्वजनिक हुने उक्त चलचित्रमा प्रसिद्ध अभिनेता दयाहाङ राईलगायतका कलाकारसँग गोलकिपर सुब्बाले मुख्य पात्र बनेर अभिनय गरेकी छिन् । चलचित्रको पोष्टरमा गोलकिपर सुब्बाले बल समाइरहेको तस्बिर छापिएको छ ।

आइतबार काठमाडौंको दशरथ रङ्गशालामा उनै गोलकिपर सुब्बा कप्तान रहेको नेपाली राष्ट्रिय महिला फुटबल टिमले भारतसँग खेलेको सातौं महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको सेमी फाइनल खेल कुनै चलचित्र प्रदर्शनभन्दा कम भएन । खेलमा प्रतिस्पर्धा, तनाव, विवादास्पद अवस्था, रोमाञ्चकारी क्षण तथा सुखद अनुभूतिजस्ता अनुभव दर्शकहरूले गरेका थिए । राति अबेरसम्म फुटबल प्रतियोगिता हेरेपछि नेपाल राष्ट्रिय आधारभूत विद्यालयबाट अवकाश प्राप्त पूर्वप्रधानाध्यापक दीपक कपालीले नेपाल र भारतबीचको फुटबल प्रतियोगिता कुनै चलचित्र हेरेजस्तै रोमाञ्चकारी लागेको टिप्पणी गरेका छन् ।

लिग चरणमा समूह विजेता बनेपछि चिर प्रतिस्र्धी भारतसँगको प्रतिस्पर्धालाई नेपाली दर्शकहरूले निकै महत्व दिएका थिए । घरेलु मैदानमा हजारौं नेपाली फुटबलप्रेमीहरूको उपस्थितिमा खेल्न पाउनु नेपाली फुटबल खेलाडीहरूका लागि महत्वपूर्ण अवसर थियो । नेपाली राष्ट्रिय महिला टिमका प्रशिक्षक राजेन्द्र तामाङले सन् २०२२ मै भारतलाई नेपालले हराए पनि प्रतिस्पर्धीसँग सतर्क भएर खेल्नुपर्ने बताएका थिए । उनी नेपालको टिममा दक्षिण तथा मध्यएसियाकै उत्कृष्ट स्ट्राइकर भएकामा ढुक्क थिए । भारतीय प्रशिक्षक सन्तोषकुमार कष्यप भने सधैं खाली रङ्गशालामा खेल्ने गरेका महिला खेलाडीहरूले आज भरिभराउ रङ्गशालामा खेल्न पाएकामा खुसी देखिन्थे । विगतमा महिला फुटबल प्रतियोगिताहरूमा दर्शकहरूको उपस्थिति कमै हुने गरेको थियो । तर करिब १५ हजार दर्शक क्षमताको दशरथ रङ्गशाला हिजो खचाखच भरिएको थियो । यसबाहेक टेलिभिजन प्रसारण तथा सामाजिक माध्यम युट्युबका माध्यमबाट पनि लाखौं फुटबलप्रेमीहरूले यो खेल हेरेका थिए ।

महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता पाँचपटक जितिसकेको भारत तथा उक्त प्रतियोगितामा पाँचपटक नै उपविजेता बनेको नेपालबीचको हिजोको फुटबल खेल पूर्वार्द्ध अवधिमा प्रतिस्पर्धात्मक रुपले अघि बढेको थियो । दुवै पक्षबाट गोल आफ्नो पक्षमा गर्ने प्रयास गरेता पनि सफलता भने मिलिरहेको थिएन । यस अवधिमा भारतीय खेलाडीहरूले बढी फल खेलेको देखिएको थियो ।

**भूटानी रेफ्रीको निर्णय**

मध्यान्तरपछिको ५१औं मिनेटमा भूटानी रेफ्री ओम चोकीले नेपालकी स्ट्राइकर रेखा पौडेललाई दोहोरो पहेँलो कार्डसहित रातो कार्ड देखाएर मैदानबाट बाहिर निकालेपछि खेल तनावपूर्ण हुन सुरु भएको थियो । रेखा नेपाली फुटबल टिमकी पहिलो रोजाइकी स्ट्राइकर हुन् । यसपालिको प्रतियोगितामा उनले नेपाली खेलाडीहरूमध्ये सर्वाधिक सात गोल गरिसकेकी थिइन् । युएईमा क्लबमा आबद्ध भई व्यावसायिक खेल खेलिरहेकी उनलाई निकालेपछि रेफ्रीको निर्णयपछि दर्शकहरू आक्रोशित बनेका थिए । त्यसपछि रङ्गशालामा सुरक्षाकर्मीहरू बढाइएको थियो । स्ट्राइकर रेखा पौडेलले अब नेपालले बङ्गलादेशसँग खेल्ने फाइनल खेल गुमाउनेछिन् ।

रेखालाई मैदानबाट निकालिएपछि खेल केही बेर अवरुद्ध बनेको थियो । १० खेलाडीमा सीमित नेपाली पक्षलाई ७२औं मिनेट भारतीय टिमकी सङ्गीता बासफोरले गोल गरेकी थिइन् । त्यसको लगत्तै नेपाली पक्षका तर्फबाट प्रिती राईले गोल गरे पनि रेफ्री ओम चोकीले मान्यता नदिएपछि खेल पुनः करिब एक घण्टा १५ मिनेट रोकिएको थियो । यसअघि दशरथ रङ्गशालामा यसरी लामो अवधिसम्म खेल रोकिएको उदाहरण छैन । जाडोयाममा रातिको समयमा लामो समयसम्म खेल रोकिए पनि फुटबलप्रेमीहरू आ-आफ्नो स्थानमा नै रहिरहेका थिए । रेफ्री चोकीले सुरुमा गोल भएको सङ्केत गरे तापनि सहायक रेफ्री र फोर्थ अफिसियलको सङ्केतअनुसार गोललाई मान्यता नदिएपछि विवाद बढेको थियो । नेपाली खेलाडीहरूले खेल्न नमानेपछि उनीहरूलाई मनाउन फुटबल पदाधिकारीहरूले धेरै प्रयास गरेका थिए । नेपाली टिमले खेल पुनः सुरु नगरे कारबाही गर्न सकिनेसम्मको जानकारी साफ च्याम्पियनसिपका सम्बन्धित अफिसियलहरूले दिएपछि नेपाली टिम पुनः खेल्न मञ्जुर भएको नेपाली प्रशिक्षक राजेन्द्र तामाङले जानकारी दिएका छन् ।

खेल पुनः सञ्चालन भएलगत्तै नेपाली स्ट्राइकर सावित्रा भण्डारी 'साम्बा' ले गोल फर्काई आफ्नो टिमलाई बराबरीको स्थितिमा लग्न सफल भएकी थिइन् । दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये मानिएकी उनले गोल गरेर मुलुकको शिर उँचो त बनाइन् तर गोल गरेको जोसमा मैदान बाहिर निस्किएर टिसर्ट खोलेकामा रेफ्री चोकीबाट पहेँलो कार्ड ब्यहोर्न बाध्य बनिन् । खेलको निर्धारित समयमा एक-एक गोल भई बराबरीमा टुङ्गिएपछि समय नथपेर गराइएको 'टाइब्रेकर'मा नेपालले भारतलाई दुई गोलका विरुद्ध चार गोलले पराजित गरी फाइनलको ढोका खोलेको थियो ।

टाइब्रेकरका लागि दुवै पक्षले गोलकिपर समेत परिवर्तन गरेका थिए । भर्खरै मैदान प्रवेश गरेकी नेपाली गोलकिपर अन्जना रानामगरले दुईवटा पेनाल्टी बचाएर मुलुकलाई जिताउन महत्वपूर्ण भूमिका निभाएकी थिइन् । साँझ ६ बजेर ३० मिनेट जाँदा सुरु भएको उक्त फुटबल तीन घण्टाभन्दा बढी चलेको थियो । खेल समाप्त हुँदा रातिको झण्डै १० बजिसक्दा पनि पनि दर्शकहरू प्यारापिटको सिटबाट नउठेर नेपाली टिमको जितमा खुसियाली मनाइरहेका थिए ।

**भूटानसँगको त्यो बराबरी**

सातौं साफ महिला च्याम्पियनमा नेपालको पहिलो खेलनै बिग्रेको थियो । विगतमा पराजीत गर्दै आएको भुटानलाई कुनै गोल गर्न नसकी पराजीत गर्न नसकेकामा नेपाली टिमले आलोचना पनि ब्यहोर्नुपरेको थियो । नेपाललाई भूटानी टिम भारी साबित हुन पुगी लिग खेल गोलरहित अवस्थामै टुङ्गिएको थियो । सो खेलमा नेपाली खेलाडीहरूले टिममा खेल नखेली व्यक्तिगत खेलेकाले गोलरहित खेल ब्यहोर्नुपरेको स्वयम् नेपाली टिमका प्रशिक्षक राजेन्द्र तामाङले पत्रकारहरूलाई बताएका थिए ।

विगतको तुलनामा भूटानले खेलमा सुधार गर्दै गएको कुरामा कुनै शङ्का छैन तापनि नेपाल र भूटानबीचको खेलमा नेपाली खेलाडीहरू वास्तवमै स्वार्थी भएको देखिएको थियो । प्रशिक्षक तामाङ खेलाडीहरू स्वयम्ले गोल बन्ने गरेर नायक बन्ने होडमा लागेको स्पष्ट पारेका थिए ।

**गोलको वर्षा**

सातौं महिला साफ च्याम्पियनसीपको लिग चरणमा नेपालले माल्दिभ्स विरुद्धको खेलमा गोलको वर्षा नै गरेको थियो । नेपालले माल्दिभ्सलाई शून्यका विरुद्ध ११ गोलले पराजित गरेको थियो । रेखा पौडेलले पाँच गोल, प्रिती राईले तीन गोल तथा सविता रानामगर, अमिशा कार्की र अनिता केसीले एक/एक गोल गरेका थिए । खेलाडी रेखा पौडेल युएईमा व्यावसायिक फुटबल खेलिरहेको अवस्थामा राष्ट्रिय टिमबाट आबद्ध हुन स्वदेश फर्की टिममा सामेल भएकी थिइन् ।

यसअघिका महिला साफ च्याम्पियनसिपका प्रतियोगिताहरूमा पनि नेपालले माल्दिभ्स, पाकिस्तान जस्ता देशलाई अत्यधिक गोल गरेको थियो । नेपालले लिग चरणमै श्रीलङ्कालाई शून्यका विरुद्ध छ गोलले हराएको थियो । यस खेलमा रेखा पौडेलले दुई गोल गरेकी थिइन् भने सविता रानामगर, साबित्रा भण्डारी, अमिशा कार्की र रश्मीकुमारी घिसिङले एक/एक गोल गरी नेपालीलाई लिगको समूह विजेताका रूपमा सेमी फाइनलमा प्रवेश गराउन योगदान गरेका थिए ।

**भोकै तयारी**

यो प्रतियोगिताको सिलसिलामा आफू एक हप्ता रोएरै तनावमा बसेको नेपाली टिमकी अग्रपङ्क्तिकी खेलाडी सावित्रा भण्डारी 'साम्बा' ले बताएकी छिन् । भूटान विरुद्धको खेल गोलरहित बराबरीमा टुङ्गिएपछि टिमकी स्कोरर सावित्राको अनुपस्थितिलाई पनि कारण मानिएको थियो । उनी फ्रान्समा स्थानीय क्लबका तर्फबाट फ्रान्सेली लिग खेल्न गएकी थिइन् । उनले त्यहाँ पनि गोल गरेकी थिइन् । उनी फ्रान्सदेखि नेपालमा साफ च्याम्पियनसिप खेल्न आएकी थिइन् । माल्दिभ्स विरुद्धको खेलको अघिल्लो राति मात्र उनी काठमाडौं आइपुगेको अवस्थामा पनि उनलाई प्रशिक्षकले तयारी अवस्थामा राखेका थिए । दक्षिण एसियाकै उच्चकोटीकी स्कोरर मानिएकी साम्बाले सन् २०१६ को साफ च्याम्पियनसिपमा कूल १२ गोल गरेर प्रतियोगिताकै धेरै खेलाडी बन्न सफल भएकी थिइन् ।

फ्रान्सबाट स्वदेश फर्कने क्रममा विमानमा खानेकुरा नखाएर जुस मात्र पिएर आएको अवस्थामा पनि प्रशिक्षक तामाङले साम्बालाई खेलको उत्तरार्द्ध अवस्थामा मैदानमा उतार्ने लक्ष्यले बेन्चमा राखेका थिए । तर नेपालका तर्फबाट माल्दिभ्सविरुद्ध मध्यान्तरअघि नै चार गोल भइसकेपछि उनलाई मैदानमा उतार्ने अवस्था आएन । भारत विरुद्धको महत्वपूर्ण खेलमा 'प्लेयर अफ द म्याच'को उपाधि सावित्रा भण्डारीले पाएकी थिइन् । उनले दर्शकहरूको अपार मायाका कारण नै नेपाली महिला फुटबल टिमले सफलता प्राप्त गरेको धारणा व्यक्त गरेकी छिन् ।

अब बुधबार बङ्गलादेश विरुद्धको फाइनलमा सावित्रासहितका नेपाली महिला फुटबल टिमसँग आबद्ध खेलाडीहरूले साफ च्याम्पियनसिप उपाधि पहिलोपटक मुलुकलाई दिलाउन अझ उत्कृष्ट योगदान दिने अपेक्षा नेपाली फुटबलप्रेमीहरूले गरेका छन् । गत छैटौं महिला साफ च्याम्पियनसिपको फाइनलमा बङ्गलादेशसँग एक गोलका विरुद्ध तीन गोलले पराजय भोग्नु परेको पीडा नेपाली महिला खेलाडीहरूले भुलेका छैनन् । *(लेखक खेल पत्रकार हुनुहुन्छ)*

# प्रजातन्त्रका लागि बन्दुक बोकेकी द्वारिकादेवी

**डा शोभाकर पराजुली**

काठमाडौं, १२ कात्तिक (रासस)।

विसं २०१६ जेठ १६ गते बुधबारको तत्कालीन गोरखापत्र दैनिकले आफ्नो पहिलो पृष्ठमा शीर्षकमा समाचार छाप्यो । त्यसको मुख्य शीर्षक थियो 'नेपालको पहिलो निर्वाचित मन्त्रिमण्डल सङ्गठित ।' अनि त्यसमा उपशीर्षकहरू राखिएको थियो- प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइराला, उप-प्रधानमन्त्री श्री सुवर्णशमशेर र उप-मन्त्री पदमा महिला पनि ।'

त्यो उपशीर्षकमा 'महिला पनि' भनिएकी व्यक्ति द्वारिकादेवी ठकुरानी हुनुहुन्थ्यो । पहिलो जननिर्वाचित मन्त्रिमण्डलको नेतृत्व जननायक बिपी कोइरालाले गर्नुभएको थियो । त्यो मन्त्रिमण्डलमा बिपीले द्वारिकादेवी ठकुरानीलाई तत्कालीन 'स्वास्थ्य र स्वायत्त' मन्त्रालयको जिम्मेवारी दिएर उपमन्त्री बनाउनुभएको थियो ।

त्यतिबेलाको समय नै त्यस्तै थियो, विश्वका कतिपय राष्ट्रहरूमा पनि महिलालाई मतदानको अधिकारसमेत थिएन । नेपाली समाजमा पनि महिलालाई पढ्न लेख्नसमेत बन्देज गरिएको समयमा एउटा बिकट ठाउँकी महिलालाई त्यो बेला बिपीले मन्त्रीसम्म बनाउनुभयो । नेपाल मात्रै नभएर द्वारिकादेवी ठकुरानी सरकारमा पुग्ने दक्षिण एशियाकै पहिलो महिला हुनुहुन्थ्यो । देशमा प्रजातन्त्र स्थापनार्थ आफ्ना सबै निजी स्वार्थहरू त्यागेर द्वारिकादेवीहरू त्यो बेला क्रान्तिमा होमिनुभयो । त्यो पनि शिक्षा र चेतनाले पछि परेको नेपालको सुदूरपहाडको एउटा गाउँबाट ।

उहाँ डोटीको एउटा सम्पन्न ठकुरीकुलमा जन्मिनुभएको हो । त्यो बेला धनीमानीहरू घरमै गुरुहरू राखेर आफ्ना छोराछोरी पढाउने गर्थे । राणा शासनकालका बेला नेपालमा विद्यालयहरू खोल्ने र आमसर्वसाधारण नागरिकका छोराछारीले पढ्न लेख्न पाउने अधिकार थिएन । तथापि ब्राह्मण वा त्यस्तै उच्च कुल तथा हुनेखानेहरूले घरमै गुरुहरू राख्थे । वा त्यस्तै सामाजिक रूपमा चलेका गुरुकुलहरूमा आफ्ना छोराछोरी पढाउँथे । त्यो बेलासम्म पनि नेपालमा छोरीहरूलाई पढाउनुपर्छ भन्ने मान्यता थिएन । तर द्वारिकादेवीका मातापिताहरूले भने घरमै संस्कृतका विद्वानहरू राखेर आफ्ना छोराछोरी पढाउने काम गर्नुभयो । त्यहीबेला द्वारिकादेवीले पनि गीता र महाभारतलगायतका ग्रन्थहरू पढ्नुभयो । आठ वर्षको उमेरमै उहाँले गीता र महाभारतका पाठहरू कन्ठस्थ पार्नुभएको थियो । घरपरिवार नै शिक्षित र सम्पन्न भएका कारण द्वारिकादेवीको कलिलो मस्तिस्कमै राजनीति र चेतनायुक्त संस्कार हुर्किसकेको थियो । त्यसपछि किशोरावस्थामा उहाँको साथसङ्गत पनि त्यस्तै हुनपुग्यो । राजनीतिक परिवारमै उहाँको विवाह भयो । त्यसले पनि उहाँलाई प्रजातन्त्रको लडाईंका लागि प्रेरित गरेको थियो ।

उहाँका बुवा खरिदार हुनुहुन्थ्यो । परिवार शिक्षा र चेतनाले सुसंस्कृत थियो । सुदुरपश्चिमा दलित तथा पिछडिएका समुदायलाई शिक्षा र राजनीतिक चेतना बढाउने काममा उल्लेख्य काम गर्नुभएको देखिन्छ । डोटी सुदूरपश्चिमको शिक्षा र राजनीति तथा प्रशासनिक केन्द्र पनि थियो । त्यहाँ विभिन्न क्षेत्रका मान्छेहरू आउजाउ गरिरहन्थे । त्यही क्रममा उद्धबबहादुर चन्द र द्वारिकादेवीबीच प्रेम सम्बन्ध भयो र त्यो विवाहमा परिणत भयो ।

२००४ सालमै उहाँको नेतृत्वमा डडेल्धुरामा हाइस्कुल स्थापना भएको थियो । त्यो बेला राणा शासनविरुद्ध विद्रोह चेतना बढिरहेको थियो र मानिसमा राजनीतिक चेतना बढ्न थालेको थियो । मुजफ्फरपुरमा बिपीसँग भेट भएपछि २००३ सालमै श्रीमान श्रीमति दुबैले कांग्रेसको सदस्यता लिनुभएको थियो । यसरी उहाँहरू प्रजातान्त्रिक आन्दोलनबाट पार्टी राजनीतिमा जोडिनुभयो । २००७ सालमा उहाँका श्रीमान उद्धबबहादुर चन्द जेल पर्नुभयो र ३२ दिनमा छुट्नुभयो । २०१० सालमा उहाँको निधन भयो ।

आफैँमा त्यसरी पिछडिएको युगमा जन्मिएकी द्वारिकादेवी मात्रै समाजसेवा र राजनीति मात्रै गर्नुभएन, देशमा प्रजातन्त्र स्थापनाका लागि उहाँले अरू क्रान्तिकारी योद्धाजस्तै बन्कुद नै बोकेर लडाईंमा होमिनुभएको थियो । बिपी कोइरालाको एक आह्वानमा उहाँले आफ्ना परिवारले राखेका बन्दुकहरू क्रान्तिकारी लडाकुहरूलाई दिनुभयो । त्यतिमात्रै होइन, उहाँले भारतमा निर्वासित रहँदा पनि नेपालका 'मुक्ति सेना'लाई हतियार व्यवस्थापनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । नेपाली कांग्रेसले राणा र राजसँग लड्दा दुईपटक सशस्त्र क्रान्ति गरेको थियो । त्यो बेला २००९ सालमा नेपाल मुक्ति सेनाका लागि आफ्ना देवर केशबहादुर चन्दबाट बारबोर बन्दुक पनि द्वारिकाले मुक्ति सेनालाई दिएर सहयोग गर्नुभएको थियो ।

२००७ सालमा प्रजातन्त्र आए पनि नेपालमा राणा र कांग्रेस मिलेर बनेको अन्तरिम सरकारमात्रै थियो । त्यसैले नेपाली कांग्रेसले आमचुनावको माग गरिरहेको थियो । तर दरबारले चुनाव गराउन चाहेको थिएन । त्यसपछि २०१४ सालतिर नेपाली कांग्रेसले भद्र अवज्ञा आन्दोलन गरेको थियो । त्यसपछि बाध्य भएर राजाले आम चुनावको घोषणा गरे । २०१५ सालमा नेपालमा पहिलोपटक आम चुनाव भयो र त्यसमा नेपाली कांग्रेसले देशभरिका धेरै सिटमा चुनाव जित्यो । चुनाव जित्नेहरूमध्ये द्वारिकादेवी पनि एक हुनुहुन्थ्यो । विभिन्न राजनीतिक दलहरूले भाग लिएको त्यो निर्वाचनमा जनताले नेपाली कांग्रेसलाई निकै लोकप्रिय मत दिएका थिए ।

बिपीका समकालीन नेता एनडी अर्थात् नारायणप्रसाद चटौतको २०१४ सालमा निधन भयो । सिमराबाट काठमाडौं आउने जहाज दुर्घटना भएर उहाँको निधन भएको थियो । उहाँकै स्थानमा २०१५ सालको आम निर्वाचनमा नेपाली कांग्रेसले ६६ नम्बर निर्वाचन क्षेत्र डडेल्धुराबाट द्वारिकादेवीलाई उम्मेदवार बनायो । यो चुनावमा दरबारियाहरूले बुथ कब्जा गरेपछि दोस्रो चरणमा मतदान भएको थियो । यो मतदानमा संयुक्त प्रजातन्त्र पार्टीका उम्मेदवार लक्ष्मीदत्त भट्टलाई पराजित गरेर द्वारिकादेवी बिजयी हुनुभएको थियो । त्यो चुनाव देशभरका कूल एक सय नौ सिटमा भएको थियो । तीमध्ये नेपाली कांग्रेस ७४ सिट जितेर सबैभन्दा ठूलो पार्टी भएको थियो । त्यसबेला दरबार समर्थित राष्ट्रिय गोरखा परिषदको १९, संयुक्त प्रजातन्त्र पार्टीको पाँच, नेपाल कम्युनिष्ट पार्टीको चार, आचार्य समूहको प्रजा परिषद्को दुई र अर्को मिश्र समूहको प्रजा परिषद्ले एक सिटमा जित भएको थियो । त्यो चुनावमा देशभरिबाट चार जना स्वतन्त्र उम्मेदवार बिजयी भएका थिए । देशैभरि चुनावमा उम्मेदवार भएका सात जना महिलामध्ये द्वारिकादेवीले मात्रै फराकिलो मतान्तरले चुनाव जित्नुभएको थियो ।

नेपाली कांग्रेसको त्यो लोकप्रियता र स्पष्ट दुई तिहाइ बहुमत आएको देखेपछि दरबार आफैँ तर्सिरहेको थियो । त्यसैले फेरि राजा महेन्द्रले सरकार गठनको आह्वान नै गरेनन् । कांग्रेसको दबाबपछि राजाले सरकार गठनको आह्वान गरेका थिए । त्यसअघि नै द्वारिकादेवीको अध्यक्षतामा ललिता निवासमा बसेको बैठकले बिपी कोइरालालाई नेपाली कांग्रेसको संसदीय दलको नेता र सुवर्णशमशेरलाई उपनेतामा चयन गरेको थियो । त्यसपछि कोइरालाको नेतृत्वमा सरकार गठन भयो । तर त्यसलाई पनि दरबारले धेरै टिक्न दिएन । समाजवादको लक्ष्य प्राप्तिमा बिपीको दूरदृष्टिबाट अत्तालिएको दरबारले जननिर्वाचित सरकारलाई दुई वर्ष नपुग्दै बिघटन गरेर जननिर्वाचित प्रधानमन्त्री बिपीलगायत धेरै प्रजातान्त्रिक नेताहरूलाई जेल हाल्न थाले । २०१७ पुस १ गते राजा महेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएर आफैँले राजकाज चलाउन थाले ।

राजाको प्रत्यक्ष राजकाज अर्थात् पञ्चायती शासन चल्न थालेपछि नेपालका राजनीतिककर्मीहरू फेरि भारत निर्वासनमा जान थाले । कतिपयलाई राजाले जेल हालिसकेका थिए । त्यही क्रममा दरबारले द्वारिकादेवीलाई पनि पञ्चायतको समर्थन गर्न लोभलालच देखाउन थाले । उहाँका नजिकका मानिसहरूका अनुसार त्यो बेला राजाले द्वारिकादेवीलाई तिमी ठकुरीकी चेली पनि हो । उपप्रधानमन्त्री दिन्छु दरबारको पक्षमा लाग्नु भनेर भने तर उहाँले मान्नुभएन र बरु भारत निर्वासन नै रोज्नुभयो । कलकत्तामा प्रवासमा हुँदा नै उहाँलाई जयप्रकाश नारायणनले द्वारिकादेवीलाई प्रजातन्त्रप्रतिको इमान्दार नारी भनेर सममान गरेका थिए । यसबाट द्वारिकादेवी नेपाली राजनीति मात्रै होइन, विश्वस्तरीय राजनीतिक मञ्चमा पनि उत्तिकै चर्चित र सम्मानित व्यक्तित्व हुनुहुन्थ्यो ।

त्योसँगै नेपाली कांग्रेसले फेरि पञ्चायतविरुद्ध आन्दोलनको घोषणा गर्‍यो । त्यो आन्दोलन सशस्त्र क्रान्तिमै परिणत हुन पुग्यो । कांग्रेसका नेताहरूले पञ्चायतविरुद्ध विभिन्न क्रान्तिका कार्यक्रम घोषणा गरे । त्यसैअनुसार ठाउँ अनि क्षेत्र तोकेर नेता तथा कार्यकर्ताहरूको जिम्मेवारी तोकियो । कांग्रेसले आफ्ना निर्वाचित सांसदहरूलाई पनि विभिन्न जिम्मेवारी दिएको थियो । सोहीअनुसार २०१९ सालमा निर्वासनमा रहेका नेपाली कांग्रेसका सबै सांसदहरूलाई आआफ्नो निर्वाचन क्षेत्रको पारितिर पर्ने भारतीय भूमिमै रहेर नेपालमा चलिरहेको प्रजातान्त्रिक आन्दोलनलाई सहयोग गर्न भनिएको थियो । पार्टीले सिमानामा बसेर क्रान्ति गर्नका लागि कार्यकर्ताहरूलाई हातहतियारसमेत दिएको थियो । पार्टीको निर्णयअनुसार द्वारिकादेवीहरूलाई पनि थ्रीनट थ्री राइफलसमेत अरु चारवटा हतियार पनि दिइएको थियो ।

यसरी द्वारिकादेवी समकालीन नेपाली राजनीतिको एउटा सशक्त नारी हस्ताक्षरमात्रै होइन, राजनीतिमा समावेशिताको सिद्धान्तलाई व्यावहारिकरूपमा शुरुआत गरिएको एक बलियो उदाहरण पनि हुनुहुन्छ । आज नेपालको राजनीतिक वा हरेक क्षेत्रमा महिला प्रतिनिधित्वको प्रारम्भिक चेतना र आधारस्तम्भ द्वारिकादेवीहरू नै हुनुहुन्छ । जीवनको उद्धारार्द्धमा पारिवारिक एकलपन र पार्टीभित्रको कोपभाजनमा परेर उहाँ विरक्त हुनुभयो र त्यस्तैमा देहत्याग गर्नुभयो । द्वारिकादेवीको जन्मजयन्तीको अवसरमा उहाँ र समकालीन क्रान्तियोद्धाहरूलाई हार्दिक श्रद्धासुमन । (लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)

## विश्व समाचार

### फिलिपिन्समा आँधीका कारण मृत्यु हुनेको संख्या ११६ पुग्यो, ३९ अझै वेपत्ता

मनिला, १२ कात्तिक (रासस/सिन्ह्वा)।

गत हप्ता फिलिपिन्समा आएको ट्रामी नाम दिइएको आँधीले निम्त्याएको बाढी तथा पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या ११६ जना पुगेको छ । आँधीका कारण ३९ जना अझै बेपत्ता रहेको फिलिपिन्सको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन परिषद्ले सोमबार जनाएको छ ।

स्थानीय अधिकारीहरूका अनुसार ट्रामीले फिलिपिन्सका १७ वटा क्षेत्रमा ६७ लाखभन्दा बढी मानिसहरूलाई प्रभावित बनाएको छभने अझै बाढी पहिरोका प्रभावितहरूको खोजी कार्य जारी रहेको छ ।

यस वर्ष फिलिपिन्समा आएका चक्रवातमध्ये ट्रामी ११ औं चक्रवात हो र यसले विशेष गरी बिकोल, क्यालाबारजोन र मध्य तथा दक्षिणी फिलिपिन्सका क्षेत्रहरूमा तुलनात्मक रुपमा बढी क्षति गरेको भएपनि फिलिपिन्सभरि प्रभाव पारेको थियो । आँधीसँगै आएको बाढीले राजमार्ग, पुललगायतका संरचना ध्वस्त पारी यातायात अवरुद्ध भएको छ ।

शुक्रबार ट्रामी फिलिपिन्सबाट बाहिरिए पनि पीडितहरू अझै खाना, पानीलगायतका आधारभुत आवश्यकता आपुर्तिको पर्खाइमा रहेका छन् । शनिबारदेखि बाढीपहिरोको प्रवाव कम भएपछि केही पीडितहरू आफ्नो घर फर्कन थालेका छन् ।

यद्यपि, परिषद्ले करिब दश लाख विस्थापितहरू अझै पनि निकासी केन्द्रमा वा आफन्तहरूसँग बसिरहेको जनाएको छ ।

चक्रवात ट्रामीले पूर्वाधारमा अनुमानित क्षति २६.३५ मिलियन अमेरिकी डलर तथा कृषिमा ४३ मिलियन अमेरिकी डलर बराबरको क्षति पुगेको जनाइएको छ ।

फिलिपिन्सले अर्को उष्णकटिबन्धीय चक्रवात, कङ-रेको सामनाको तयारी गरिरहेको छ, जुन लुजन टापुबाट ७५५ किलोमिटर पूर्वमा फिलिपिन्स सागरमा सोमबार बिहान अवतरण भएको छ । यो चक्रवात पनि तीव्र गतिसहित आउने हुँदा विनासकारी बन्नसक्ने मौसम विभागले चेतावनी दिएको छ ।

### गाजामा नागरिकको अवस्था 'असहनीय' : राष्ट्रसंघीय प्रमुख

संयुक्त राष्ट्रसङ्घ, १२ कात्तिक (रासस/सिन्ह्वा)।

गाजा पट्टीको उत्तरी भागमा चलिरहेको तीव्र इजरायली सैन्य कारबाहीमा भएको नरसंहार तथा बिनाशले संयुक्त राष्ट्रसङ्का महासचिव एन्टोनियो गुटेरेस 'स्तब्ध' भएको उहाँका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

उत्तरी गाजाका प्यालेस्टिनी नागरिकहरूको अवस्था असहनीय रहेको विज्ञप्तिमा उल्लेख छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्ला केही हप्तामा गाजामा सयौं मानिस मारिएका छन्, भने ६० हजारभन्दा बढी विस्थापित भएका छन् ।

गाजामा इजरायलको सैन्य कारबाहीले विनाश र अभावले जबल्या, बेत लाहिया र बेत हानुन वरपरका प्यालेस्टिनीको जीवनको अवस्था अस्थिर बनाइरहेको र द्वन्द्व अन्तर्राष्ट्रिय कानूनको बर्खिलापमा जारी रहेको गुटेरेसले बताउनुभएको छ ।

उहाँले द्वन्द्वरत पक्षहरूले मानवीय कार्यकर्ता तथा अग्रपङ्तीमा रहेर मानवीय सहयोगमा खटिएका व्यक्तिको सम्मान र सुरक्षा गर्नुपर्ने बताउनुभएको छ ।

गुटेरेसले तत्काल युद्धविराम, सबै बन्धकको बिना शर्त रिहाइ र अन्तर्राष्ट्रिय कानुन अन्तर्गतको जवाफदेहिताका लागि समेत आह्वान गर्नुभएको छ ।

### बङ्गलादेशका राष्ट्रपतिलाई अपदस्थ गर्न दबाब

ढाका, बङ्गलादेश, १२ कात्तिक (रासस/एएफपी)।

गत अगस्टमा अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनालाई हटाउन आन्दोलन गरेको समूहले बङ्गलादेशका राष्ट्रपति मोहम्मद शहाबुद्दीनलाई राजीनामा दिन दबाब परेको स्थानीय सञ्चारमाध्यमहरूले सोमबार जनाएका छन् ।

'छुप्पु' भनेर चिनिने ७४ वर्षीय शहाबुद्दीन सन् २०२३ मा अपदस्थ पूर्वप्रधानमन्त्री हसिनाको अवामी लिगको बहुमत रहेको संसद्‌बाट निर्वाचित हुनुभएको थियो ।

यो पद संवैधानिक भएपनि उहाँको पदबाट हट्ने सम्भावनाले संवैधानिक शून्यताको डर पैदा गरेको छ । "राष्ट्रपतिलाई हटाउनेबारे कुनै पनि निर्णय राजनीतिक सहमतिका आधारमा हुनेछ," हसिनाको भारत पलायनसँगै घोषणा भएको राजिनामापछि बनेको अन्तरिम सरकारका प्रेस सल्लाहकार शफिकुल आलमले सोमबार भन्नुभयो ।

अन्तरिम सरकारको नेतृत्व नोबेल शान्ति पुरस्कार बिजेता मोहम्मद युनुसले 'मुख्य सल्लाहकार'का रूपमा गरिरहनुभएको छ । सरकारका प्रवक्ता सैयदा रिजवाना हसनले शहाबुद्दीनलाई हटाउने विषयमा छलफल भइरहेको बताउनुभएको छ ।

हसनले आइतबार पत्रकारहरूसँग भन्नुभयो, "क्रान्तिपछि बनेको सरकारले फासीवादी सरकारले छानेको राष्ट्रपतिलाई कायम राख्ने कि नराख्ने भन्ने विषयमा विचार गर्नुपर्छ ।"

"उहाँलाई हटाउनुपर्ने माग आन्दोलनको भावनासँग मेल नखाने दावीका आधारमा आएको हो," उहाँले भन्नुभयो। यसै महिनाको सुरुमा शहाबुद्दीनले हसिनाको राजीनामा पत्र आफूले कहिल्यै नदेखेको बताएपछि चर्को विरोध भएको थियो ।

त्यसको केही समयपछि युनुसको सरकारमा कार्यरत विद्यार्थी नेता आसिफ नजरुलले उक्त टिप्पणी 'उहाँ (राष्ट्रपति) को शपथको उल्लङ्घन' भएको आरोप लगाउनुभएको थियो ।

गत हप्ता राष्ट्रपति भवनपरिसरमा आक्रमण गर्न खोज्ने सयौंको भीडसँग प्रहरीबीच झडप हुँदा ३० जना अधिकारी र प्रदर्शनकारी घाइते भएका थिए ।

# दशकौंदेखि भूमिहीन रहेका ४० जनाले पाए लालपूर्जा



**दैनिक समाचारदाता**
**राजविराज, १२ कात्तिक ।**

दशकौंदेखि बसोबास गर्दै आएको जग्गाको लालपूर्जा नहुदा समस्यामा परेका ४० जनाले सोमबार लालपूर्जा ( जग्गाधनी दर्ता प्रमाणपत्र) प्राप्त गरेका छन ।

राजविराज नगरपालिका वडा नं.७ कार्यालयको पहलमा नापी कार्यालय तथा ३ नं. नापी टोलीले सोमबार वडा कार्यालय मै एक कार्यक्रमको आयोजना गरी ४० जनालाई जग्गाधनी दर्ता प्रमाण पत्र प्रदान गरेका हुन ।

कार्यक्रममा वडा नं. ७ नं का अध्यक्ष सुभाष चन्द्र यादव, ६ नं वडाका अध्यक्ष शशी चौधरी, ८ नं.का वडा अध्यक्ष जयनारायण मण्डल, ४ नं.का वडा अध्यक्ष अनिल दास (गुडु), नापी कार्यालयका प्रमुख सुमन किशोर मिश्र, ३ नं.नापी टोलीका प्रमुख सतिष कुमार यादव लगायतले जग्गाधनी दर्ता प्रमाण पत्र पुर्जा प्रदान गरेका थिए ।

सो वडाका बाकी अन्यलाई पनि प्रक्रिया पुरा गर्दै क्रमिकरुपमा जग्गा धनी दर्ता प्रमाण पत्र पुर्जा प्रदान गरिने नापी कार्यालयका प्रमुख सुमन किशोर मिश्रले जानकारी दिए ।

गाउँ ब्लकको जग्गामा बावु बाजेको पालादेखी बसोबास गर्दै आएका सो वडाका जनतालाई लालपुर्जा नहुदा समस्या भएकाले लालपुर्जाका लागी पहल गरिएको र बाँकिलाई आवश्यक प्रक्रिया पुऱ्याएर लालपूर्जा दिलाउन आफु प्रयासरत रहेको बडाअध्यक्ष यादवले बताए ।

नगरपालिका क्षेत्रको बिटौरी जग्गाधनीको समस्या पनि यसरी नै समाधान गरिनु पर्ने र यसका लागी समेत आफु लागी परेको उनको भनाई छ ।

# निःशुल्क आँखा शिविरबाट ६ सय ९१ जना सेवाग्राही लाभान्वित



**दैनिक समाचारदाता**
**राजविराज, १२ कात्ति ।**

सुनसरीको इटहरीमा रहेको नव दृष्टि आँखा हस्पिटलले सप्तरीमा निःशुल्क आँखा शिविरको आयोजना गरेको छ ।

सप्तरीको तिलाठी कोइलाडी, महादेवा गाउँपालिका ५ र ३ नं. वडाका बिभिन्न ठाउँमा निःशु:ल्क शिविर आयोजना गरिएको हो ।

शिविरमा ६ सय ९१ जना सेवाग्राही लाभान्वित भएका छन् भने ६२ जनाले मोतियाविन्दुको अप्रेसन गराएका छन् ।

दृष्टि विज्ञ राकेश थापाका अनुसार शिविरमा निःशुल्क आँखा जाँच गरिएकोमा मोतियाविन्दु देखिएका ६२ जनालाई इटहरीस्थित हस्पिटलमै ल्याएर अप्रेसन गरिएको हो ।

बिरामीहरूको निःशुल्क अप्रेसनसँगै बिरामीलाई बस्ने व्यवस्था गरिएको हस्पिटलकी अध्यक्ष डा. पूजा गौतम राईले बताइन् । उनले भनिन्ष्भस्, 'यसअघि पनि हामीले कोशी प्रदेशका पहाडी जिल्लासहितका ठाउँमा निःशुल्क शिविर आयोजना गरेका छौं ।' उनले सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त शिविर आयोजना गरेको बताइन् ।

## सीसीटिभी फुटेजमा ...

राती १ बजेतिरको समयमा पसल संगै टाँसिएको रुख चढेर टीनको छानोमा पुगेको र त्यस पछी टिन झिकेर चोर भित्र पसेको सिसिटिभी फुटेजमा देखिएको छ ।

ज्वेलरी पसल संचालक दशरथ साहका अनुसार चोरले नगद ३० हजारसहित सुन चाँदीका गरगहना गरी सात लाख बराबरको सम्पती चोरेर लगेका छन । सिसिटिभी फुटेजमा देखिएको चोरको हुलिया बिबरणका आधारमा खोजी कार्य तिब्र बनाइएको प्रहरीले जनाएको छ ।

# पर्यटक लोभ्याउने सिरहाको 'गोसाइ डाँडा ताल'

सिरहा, १२ कात्तिक (रासस) ।

चुरेको फेदमा अवस्थित छ 'गोसाइ डाँडा ताल' । चारैतिर हरियाली जङ्गल, चराचुरुङ्गीको मधुर चिरबिर, बीचमा रहेको मनमोहक ताल, सूर्यको किरण पर्दा सुनजस्तै टल्किरहेको सफा कञ्चन पानी, कहिल्यै गर्मी महसुस नहुने शान्त वातावरण यसको बिशेषता हुन् ।

लहान नगरपालिका-१५ बानोगाउँस्थित 'झोवाइ खोल्सी चुरिया डाँडा सामुदायिक वन' भित्रको सिमसार क्षेत्रलाई संरक्षण गरी 'गोसाइ डाँडा ताल' निर्माण गरिएको छ । पूर्व-पश्चिम राजमार्गमा पर्ने लहान बजारदेखि करिब १० किलोमिटर उत्तरमा पर्छ यो ताल ।

जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न ताल संरक्षण र व्यसस्थापनसँगै पर्यापर्यटनको समेत बिकास गरिएको झोवाइ खोल्सी चुरिया डाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लगनलाल चौधरीले बताउनुभयो । झण्डै दुई बिघा क्षेत्रफलमा फैलिएको यस तालको वरिपरि अन्य चारवटा सानाठूला पोखरीसमेत रहेका छन् । प्रकृतिक सुन्दरताका साथै थप पयटकीय संरचनाको निर्माणपछि पर्यापर्यटनको नयाँ गन्तव्यका रुपमा यस क्षेत्र बिकास भएको उहाँले जानकारी दिनुभयो ।

अध्यक्ष चौधरीका अनुसार तालको संरक्षण, सम्बर्द्धन र सौन्दर्यीकरण गरी पर्यटकीयस्थल निर्माणमा डिभिजन बन कार्यालय लहान, सिरहाबाट रु ७० लाख, बन तथा भूसंरक्षण बिभागबाट रु २० लाख, जलस्रोत तथा सिँचाइ बिकास डिभिजनबाट रु ४० लाख, संसद बिकास कोषबाट रु१५ लाख सहयोग रकम खर्च भएको छ ।

त्यसैगरी पर्यटन बिकास कार्यलय लहानबाट यस आर्थिक वर्षभित्रमा कार्यान्वयन गर्ने गरी रु ५० लाख विनियोजन भएको छ । उक्त बजेटबाट समितिले तालमा 'बोटिङ' सञ्चालन, ठाउँ-ठाउँमा विश्रामस्थल निर्माण, ताल घुम्ने बाटो, शौचालय, वनभोजस्थललगायतका संरचना बनाइसकेको छ भने महादेव र हनुमान मन्दिर निर्माण अधुरो रहेको छ ।

त्यसैगरी आगामी दिनमा यहाँ भ्युटावर बनाउने लक्ष्यसमेत रहेको अध्यक्ष चौधरीले जानकारी दिनुभयो । ठूलो सम्भावना बोकेको यो ताललाई पर्यटकीयस्थलको रुपमा बिकास गरी स्थानीयको आर्थिक उपार्जनमा टेवा पुऱ्याउन डिभिजन वन कर्यालय लहानले सहयोग गरिरहेको कार्यालय प्रमुख शैलेन्द्रकुमार मिश्रले बताउनुभयो । सामुदायिक बनभित्र भएका स्रोतसाधनको पहिचान गरी लाभ लिन उपभोक्ता समितिका सदस्यलाई उहाँले आग्रह गर्नुभयो ।

यस पर्यटकीय क्षेत्रमा आवतजावतको लागि बानोखोलामा पुल नबन्दा वर्षाको समयमा खोला तर्न समस्या परेको वडा नं १५ का वडाध्यक्ष तेजनारायण चौधरीले बताउनुभयो । पुल निर्माणको लागि नगरको मात्रै स्रोतले सम्भव नरहेकाले प्रदेश तथा सङ्घीय सरकारसँग पहल गरिने लहान नगर उपप्रमुख रामचलितार महतोले बताउनुभयो ।

साथै उहाँले जमिनमा पानीको सतह घट्दै गएकाले चुरे क्षेत्रमा यस प्रकृतिका पोखरीले 'वाटर रिचार्ज' हुने भन्दै वन उपभोक्ता समितिले वनजंगल संरक्षण र जलाधार क्षेत्र संरक्षणको लागि गरेको प्रयासमा नगरपालिकाले सधैं सहयोग र प्रोत्साहन गर्ने बताउनुभयो ।

जलवायु परिवर्तनको चुनैतीलाई सामना गरी तालको संरक्षणको साथसाथै हरियाली प्रवर्द्धन गर्दै पर्यापर्यटनको विकास गर्नुपर्ने जिल्ला वन क्षेत्र समन्वय समितिका पदेन सदस्य रहनुभएका जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेशकुमार महतोले जोड दिनुभयो ।

चुरेको काखमा अवस्थित 'गोसाइ डाँडा ताल'ले पोखराको फेवातालको झल्को दिने स्थानीय बताउँछन् । तालको बीचमा जमिनको भाग उठेको छ । यसलाई थप आकर्षक बनाई आन्तरिक तथा बाह्य पर्यटकको आगमनबाट स्थानीयको रोजगारीमा समेत अभिवृद्धि हुने यसका अध्यक्ष चौधरीको भनाइ छ । यस पर्यटकीय क्षेत्रको विकासका लागि सबैलाई सहयोग र प्रचारप्रसार गरिदिन अध्यक्ष चौधरीले आग्रह गर्नुभयो ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*